# चैनपुर नगरपालिकाको आर्थिक ऐन २०७९

**प्रस्तावनाः**

चैनपुर नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम,चैनपुर नगरपालिकाको ११ औ नगर सभाले यो अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने सम्बन्धी ऐन बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गते देखि चैनपुर नगरपालिका क्षेत्रमा लागू हनेुछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले चैनपुर नगरपालिकाको आर्थिक ऐन, २०७९ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले चैनपुर नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले चैनपुर नगरपालिका सम्झनुपर्छ ।

(ङ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भए वा नभएको जुनसुकै फर्म सम्झनु पर्छ ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जनसुकै व्यक्ति सम्झनु पर्छ ।

(च) "सभा" भन्नाले चैनपुर नगरपालिकाको सभा सम्झनु पर्छ ।

**३. सम्पत्ति कर : (१)** चैनपुर नगरपालिकाका क्षेत्रभित्र बनेको भैतिक संरचना र जग्गामा अनसुची-(१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

(२) यस ऐनमा अन्यर जुनसुकै कुरा लखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैनः-

(क) नेपाल सरकार,प्रदेश सरकार र स्थानीय तहको स्वाधमत्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र घरजग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको घर र जग्गा,

५८

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोड र सरकारी संस्थानको घर र घरजग्गा,
(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा,
(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,
(छ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वाल, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,
(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा।

**(३) उपदफा (१) वमोजिम चैनपुर नगरपालिका क्षेत्रभित्र बनेको भैतिक संरचना र जग्गामा साउन देखी असोज मसान्तसम्म १० प्रतिशतले छुट दिइने छ ।**

**४. भूमिकर (मालपोत)** : चैनपुर नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भुमिकर ( मालपोत) लगाइ असुल उपर गरिने छ ।

**५. घर वहाल कर:** चैनपुर नगरपालिका क्षेत्रभित्र कनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनसुची- (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**६. व्यवसाय कर:** (१)चैनपुर नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनसुची-(४) बमोजिम व्यवसाय करमा साउन देखी असोज सम्म २० प्रतिशत छुट र यस आ.व. देखी २० प्रतिशत दण्ड जरिवाना लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) वमोजिम संघ सस्था, सहकारी दर्ता तथा नविकरण गरदा सस्था तर्फ रु.१५००। नविकरण साउन देखी पुषसम्म रु.५००। माघ देखी असार सम्म रु.१०००।

**७. जडिबुटी, कवाडी र जीवजन्तु कर** : चैनपुर नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनसुची-(५) बमोजिमको कर ठेक्का सम्फौतामा लगाइने र असूल उपर गरिनेछ ।

**८. सवारी साधन कर** : चैनपुर नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनसुची-(६) बमोजिम टांगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सा बाहेक) प्रदेशले लगाउने र उठाउने ।

**९. विज्ञापन कर** : चैनपुर नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनसुची-(७) बमोजिम विज्ञापन कर ठेक्का सम्फौतामा लगाइने र असूल उपर गरिनेछ । तर, पदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. **मनोरन्जन कर** : चैनपुर नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनसूची-(८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

११. **बहाल बिटौरी शुल्क** : चैनपुर नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनसुची-(९) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क ठेक्का सम्झौतामा लगाइने र असूल उपर गरिनेछ ।

१२. **पार्किङ शुल्क** : नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनसूची-(१०) बमोजिम पार्किङ शुल्क ठेक्का सम्झौतामा लगाइने र असूल उपर गरिनेछ ।

१३. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय सञ्चालन गरेमा अनसूची-(११) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४. **सेवा शुल्क, दस्तुर** : नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनसुचि-(१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल  उपर गरिनेछ ।

१५. **पर्यटन शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रदेश गर्ने पर्यटकहरूवाट अनसूची-(१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ ।  तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१६. **कर छुट नहुने** :यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई सम्पति करमा तिन महिन १० प्रतिशत छुट दिइने छ ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलनसम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हनेुछ ।

## अनुसूची -१ (दफा ३ सँग सम्वन्धित)

## एकिकृत सम्पत्ति कर / घरजग्गा करका दरहरू

### सम्पत्ति कर प्रयोजनको लागि जग्गाको प्रतिरोपनी न्यूनतम मूल्याङ्कन दररेटहरु

| हाल को वडा | साविक गा.वि.स र वडा | क्षेत्र | उपक्षेत्र | संकेत नम्वर | मूल्य प्रति रोपनी( मालपोत) | मूल्य प्रति रोपनी |
|---|---|---|---|---|---|---|
| | नुनढाकी १-९ | आवासीय क्षेत्र | | | | |
| | ७ र ९ | क | गुफापोखरी,सुके पोखरी,जोर पोखरी,मिल्के सम्मको सडकले छोएको जग्गा | १ क | ३७५००० | ३७५००० |
| | १ | ख | विहिवारे बजार देखी तातोपानी हुदै वडा कार्यालय स्थित डाँडागाँऊ सम्मको मुख्य सडकले छोएको जग्गा(चैनपुर नुनढाकी हरित सडक) | १ ख | २५०००० | २५०००० |
| १ | १,२,५,६ | ग | नुनढाकीको वडा कार्यालय देखी चोकेटार सम्मको सडकले छोएको जग्गा | १ ग | १००००० | १००००० |
| | १,८,९ | घ | नुनढाकी याङसिजुङ हुदै गुफापोखरी जोने सडकले छोएको जग्गा | १ घ | १००००० | १००००० |
| | १,२,३,४,५,६,७,८ र ९ | ङ | ट्रयाक सडकले छोएको जग्गा | १ ङ | ५०००० | ५०००० |
| | १,२,३,४,५,६,७,८ र ९ | च | ट्रयाक सडकले नछोएको जग्गा | १ च | ४०००० | ४०००० |
| | १,२,३,४,५,६,७,८ र ९ | छ | अलैचि खेतीमा पर्ने जग्गा | १ छ | ३०००० | ३०००० |
| | १,२,३,४,५,६,७,८ र ९ | ज | भिर, पहिरो र पाखोवारीमा पर्ने जग्गा | १ ज | १४००० | १४००० |
| | सिद्धकाली ८ र ९ | आवासीय क्षेत्र | | | | |
| | ९ | क | चित्लाङ्ग बजार सडकमा पर्ने जग्गाहरु | ४ क | २५००००।- | २५००००।- |
| | ८ र ९ | ख | (चित्लाङ बजार वाहेक) ट्रयाक सडक पुगेको क्षेत्र | ४ ख | | ४००००।- |
| | ८ र ९ | ग | (चित्लाङ बजार वाहेक) ट्रयाक सडक नपुगेको क्षेत्र | ४ ग | २८०००।- | २८०००।- |
| २ | ८ र ९ | घ | (चित्लाङ बजार वाहेक) अलैची खेती क्षेत्र | ४ घ | २२०००। | २२०००।- |
| | ८ र ९ | ङ | (चित्लाङ बजार वाहेक) पाखोवारी क्षेत्र | ४ ङ | २००००।- | २००००।- |
| | सिद्धकाली ५,६ र ७ | आवासीय क्षेत्र | | | | |
| | ५ | क | तुपुवा सडकले छोएको | ५ क | १५००००।- | १५००००।- |
| | ५,६ र ७ | ख | ट्रयाक सडक पुगेको क्षेत्र | ५ ख | | ४००००।- |
| | ५,६ र ७ | | ट्रयाक सडक नपुगेको क्षेत्र | ५ ग | २८०००।- | २८०००।- |
| | ५,६ र ७ | | अलैची खेती क्षेत्र | ५ घ | २२०००।- | २२०००।- |
| | ५,६ र ७ | | पाखोवारी | ५ ङ | २००००।- | २००००।- |
| | सिद्धकाली ५,६ र ७ | आवासीय क्षेत्र | | | | |
| | ५ | क | तुपुवा सडकले छोएको | ५ क | १५००००।- | १५००००।- |
| | ५,६ र ७ | ख | ट्रयाक सडक पुगेको क्षेत्र | ५ ख | | ४००००।- |
| | ५,६ र ७ | | ट्रयाक सडक नपुगेको क्षेत्र | ५ ग | २८०००।- | २८०००।- |
| | ५,६ र ७ | | अलैची खेती क्षेत्र | ५ घ | २२०००।- | २२०००।- |
| ३ | ५,६ र ७ | | पाखोवारी | ५ ङ | २००००।- | २००००।- |
| | सिद्धकाली ३ र ४ | व्यापारीक क्षेत्र | | | | |
| | ४ | क | पोखरी बजारमा पर्ने जग्गा | ६ क | ११०००००।- | ११०००००।- |
| | ४ | ख | पोखरी बजारको पूर्व तर्फको जग्गा | ६ ख | ५०००००।- | ५०००००।- |
| | ३ | ग | हरित सडकले छोएको जग्गा | ६ ग | ४२५०००।- | ४२५०००।- |
| | ३ र ४ | घ | (क,ख र ग बाहेक) ट्रयाक सडक पुगेको क्षेत्र | ६ घ | | ४००००।- |
| | ३ र ४ | ङ | (क,ख र ग बाहेक) ट्रयाक सडक नपुगेको क्षेत्र | ६ ङ | २८०००।- | २८०००।- |
| | ३ र ४ | च | अलैची खेती क्षेत्री | ६ च | २२०००।- | २२०००।- |
| | ३ र ४ | छ | पाखोवारी क्षेत्र | ६ छ | २००००।- | २००००।- |
| | सिद्धकाली १ र २ | आवासीय क्षेत्र | | | | |
| | १ र २ | क | ट्रयाक सडक पुगेको क्षेत्र | ७ क | | ५००००।- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १ र २ | ख | ट्र्याक सडक नपुगेको क्षेत्र | ७ ख | २८०००।- | २८०००।- |
| | १ र २ | ग | अलैची खेती क्षेत्र | ७ ग | २२०००।- | २२०००।- |
| | १ र २ | घ | पाखोवारी क्षेत्र | ७ घ | २००००।- | २००००।- |
| | सिद्धपोखरी१,२,३,४ | आवाशिय क्षेत्र | | | | |
| | १,२,३ र ४ | क | ट्र्याक सडक पुगेको क्षेत्र | १ क | | ४००००।- |
| | १,२,३ र ४ | ग | अलैचि खेती क्षेत्र | १ ग | १६०००।- | २००००।- |
| | १,२,३, र ४ | ख | ट्र्याक सडक नपुगेको क्षेत्र | १ ख | | १६०००।- |
| | १,२,३ र ४ | घ | पखोवारी क्षेत्र | १ घ | १४०००।- | १४०००।- |
| | सिद्धपोखरी ५,६,७ | आवासीय क्षेत्र | | | | |
| ४ | ५,६ र ७ | क | कोक्सा बजार(पोखरी त्रिचोक देखी देउराली सम्म) | २ क | ५०००००।- | ५०००००।- |
| | ५,६ र ७ | ख | ट्र्याक सडक पुगेको क्षेत्र | २ ख | | ४०,०००।- |
| | ५,६ र ७ | ग | ट्र्याक सडक नपुगेको क्षेत्र | २ ग | | १६,०००।- |
| | ५,६ र ७ | घ | अलैचि खेती क्षेत्र | २ घ | १६,०००।- | १६,०००।- |
| | ५,६ र ७ | ङ | पाखोवारी क्षेत्र | २ ङ | १४,०००।- | १४,०००।- |
| | सिद्धपोखरी ८ र ९ | आवासीय क्षेत्र | | | | |
| | ८ र ९ | क | हरित सडक(चैनपुर नुनढाकी र वाह्रविसे) | ३ क | ५०००००।- | ५०००००।- |
| | ८ र ९ | ख | ट्र्याक सडक पुगेको क्षेत्र | ३ ख | | ४००००।- |
| ५ | ८ र ९ | ग | ट्र्याक सडक नपुगेको क्षेत्र | ३ ग | | १६०००। |
| | ८ र ९ | घ | अलैचि खेती क्षेत्र | ३ घ | १६०००।- | १६००००।- |
| | ८ र ९ | ङ | पाखोवारी क्षेत्र | ३ ङ | १४०००।- | १४०००।- |
| | चैनपुर ८ र ९ | आवासीय क्षेत्र | | | | |
| | ८ | क | हरित सडकमा पर्ने जग्गाहरु | ९ क | ६१००००।- | ६१००००।- |
| | ८ | ख | अस्पताल चोकका जग्गाहरु | ९ ख | ६१००००।- | ७०००००।- |
| | ९ | ग | हरित सडकले छोएको जग्गाहरु | ९ ग | | ५५००००।- |
| | ८ | घ | हरित सडकले छोएको जग्गाहरु पौडेल गाउ देखी नुनढाकी सम्म र चैनपुर बासविसे | ९ घ | | २५००००।- |
| | ९ | ङ | डागी गाउ बजार क्षेत्र (हरित सडकले छोएको) | ९ ङ | | ६५००००।- |
| | ८ र ९ | च | ट्र्याक सडक पुगेको क्षेत्र | ९ च | | ५००००।- |
| | ८ र ९ | छ | ट्र्याक सडक नपुगेको क्षेत्र | ९ छ | २८०००।- | २८०००।- |
| | ८ र ९ | ज | अलैची खेती क्षेत्र | ९ ज | २२०००।- | २२०००।- |
| | ८ र ९ | झ | पाखोवारी क्षेत्र | ९ झ | १८०००।- | १८०००।- |
| | चैनपुर १,२,३ र ४ | व्यापारीक क्षेत्र | | | | |
| | २ | क | ठाडो बजारको मुल सडकमा पर्ने जग्गाहरु | १० क | ९७००००।- | ९७००००।- |
| | २ | ख | ठाडो बजारको शाखा सडकमा पर्ने जग्गाहरु | १० ख | | ७५००००।- |
| ६ | २ | ग | हरित सडकमा पर्ने जग्गाहरु | १० ग | ७३००००।- | ७३००००।- |
| | ३ | घ | चैनपुर त्रिचोक बजारको मूल सडकमा पर्ने जग्गाहरु | १० घ | ११००००० | १५०००००।- |
| | ३ | ङ | त्रिचोक बजारको शाखा सडकमा पर्ने जग्गाहरु | १० ङ | | ७५००००।- |
| | ३ | च | नयाँ हटिया बजार क्षेत्रको मूल सडकमा पर्ने जग्गाहरु | १० च | ७३००००।- | ७३००००।- |
| | ४ | छ | त्रिचोक देखी टुडीखेल गेटसम्मको सडकमा पर्ने जग्गा | १० छ | ११०००००।- | ११०००००।- |
| | ४ | ज | टुडिखेल देखी जीवन होटेल हुदै जिरोपोइन्ट | १० ज | १००००००।- | १००००००।- |
| | ४ | झ | पुरानो हटीया आसपासको सडकमा पर्ने जग्गाहरु | १० झ | ४२५०००।- | ७५००००।- |
| | ४ | ञ | हरित सडकमा पर्ने जग्गाहरु | १० ञ | ६१००००।- | ६१००००।- |
| | ३ र ४ | ट | मालपोत कार्यालय छेउबाट हटिया हुदै जोरधारासम्मको सडकमा पर्ने जग्गाहरु | १० ट | ४२५०००।- | ४२५०००।- |
| | १,२,३ र ४ | ठ | ट्र्याक सडक पुगेको क्षेत्र | १० ठ | | ५००००।- |
| | १,२,३ र ४ | ड | ट्र्याक सडक नपुगेको क्षेत्र | १० ड | २८०००।- | २८०००।- |
| | १,२,३ र ४ | ढ | पाखोवारी क्षेत्र | १० ढ | २२०००।- | २२०००।- |
| | चैनपुर १ र ५ | आवासिय क्षेत्र | | | | |
| | ५ | क | हाईवेले छोएको जग्गाहरु(फलाटे) | क | ३१००००।- | ३१००००।- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १ र ५ | ख | ट्याक सडक पुगेको क्षेत्र | ख | | ५००००।- |
| | १ र ५ | ग | ट्याक सडक नपुगेको क्षेत्र | ग | २८०००।- | २८०००।- |
| | १ र ५ | घ | पाखोवारी क्षेत्र | घ | १६०००।- | १६०००।- |
| | चैनपुर ६ र ७ | बजार क्षेत्र | | | | |
| | ६ | क | जिरो प्वाईन्ट देखी मालपोत सम्म राजमार्गले छोएको जग्गाहरु | ११ क | ८५००००।- | १२५००००।- |
| ७ | ६ र ७ | ख | जिरो प्वाईन्ट देखी पानी ट्याङ्की सम्म अरुण प्रवेश मार्गमा जेडीएका जग्गाहरु | ११ ख | ८४५०००।- | ८४५०००।- |
| | ६ र ७ | ग | च्यानडाडाबाट अधेरी खोल्सी सडकमा पर्ने जग्गाहरु | ११ ग | | ७५०००।- |
| | ६ र ७ | घ | कृषी चौकीबाट आमबोटे जाने सडकमा पर्ने जग्गाहरु | ११ घ | | ५००००।- |
| | ६ र ७ | ङ | ट्याक सडक पुगेको क्षेत्र | ११ ङ | | ५००००।- |
| | ६ र ७ | च | ट्याक सडक नपुगेको क्षेत्र | ११ च | २८०००।- | २८०००।- |
| | ६ र ७ | छ | पाखोवारी क्षेत्र | ११ छ | २२०००। | २२०००।- |
| | वानेश्वर १,२ र ७ | आवासीय | | | | |
| | १,२ र ७ | क | हाईवेले छोएको जग्गाहरु | १२ क | ३०००००।- | ३०००००।- |
| | १,२ र ७ | ख | ट्याक सडक पुगेको क्षेत्र | १२ ख | | ४००००।- |
| | १,२ र ७ | ग | ट्याक सडक नपुगेको क्षेत्र | १२ ग | २८०००।- | २८०००।- |
| ८ | १,२ र ७ | घ | पाखोवारी क्षेत्र | १२ घ | २२०००।- | २२०००।- |
| | वानेश्वर ८ र ९ | आवासीय क्षेत्र | | | | |
| | ८ र ९ | क | ट्याक सडक पुगेको क्षेत्र | १३ क | | ४००००।- |
| | ८ र ९ | ख | ट्याक सडक नपुगेको क्षेत्र | १३ ख | २८०००।- | २८०००।- |
| | ८ र ९ | ग | पाखोवारी क्षेत्र | १३ ग | २२०००।- | २२०००।- |
| | वानेश्वर ३ र ६ | आवासीय क्षेत्र | | | | |
| | ३ र ६ | क | ट्याक सडक पुगेको क्षेत्र | १४ क | | ४००००।- |
| | ३ र ६ | ख | ट्याक सडक नपुगेको क्षेत्र | १४ ख | २८०००।- | २८०००।- |
| | ३ र ६ | ग | पाखोवारी क्षेत्र | १४ ग | २२०००।- | २२०००।- |
| ९ | वानेश्वर ४ र ५ | आवासीय क्षेत्र | | | | |
| | ४ | क | हाईवेले छोएको जग्गाहरु | १५ क | ३०००००।- | ३०००००।- |
| | ४ र ५ | ख | ट्याक सडक पुगेको क्षेत्र | १५ ख | | ४००००।- |
| | ४ र ५ | ग | ट्याक सडक नपुगेको क्षेत्र | १५ ग | २८०००।- | २८०००।- |
| | ४ र ५ | घ | पाखोवारी क्षेत्र | १५ घ | २२०००।- | २२०००।- |
| | खराङ्ग १ र ४ | बजार क्षेत्र | | | | |
| | १ | क | खराङ्ग बजारको हाई वे मा पर्ने जग्गाहरु | १६ क | ६१००००।- | ८०००००।- |
| | १ | ख | खराङ्ग पुरानो बीच बजारको सडकमा पर्ने जग्गाहरु | १६ ख | ३६००००।- | ३६००००।- |
| | ४ | ग | हाई वे ले छोएको जग्गाहरु | १६ ग | ३६००००।- | ३६००००।- |
| १० | १ र ५ | घ | ट्याक सडक पुगेको क्षेत्र | १६ घ | | ४००००।- |
| | १ र ५ | ङ | ट्याक सडक नपुगेको क्षेत्र | १६ ङ | २८०००।- | २८०००।- |
| | १ र ५ | च | पाखोवारी क्षेत्र | १६ च | २२०००।- | २२०००।- |
| | खराङ्ग २ र ३ | आवासीय क्षेत्र | | | | |
| | २ र ३ | | ट्याक सडक पुगेको क्षेत्र | १७ क | | ४००००।- |
| | २ र ३ | | ट्याक सडक नपुगेको क्षेत्र | १७ ख | २८०००।- | २८०००।- |
| | २ र ३ | | पाखोवारी क्षेत्र | १७ ग | २२०००।- | २२०००।- |
| | खराङ्ग ६ र ८ | आवासीय क्षेत्र | | | | |
| | ६ र ८ | क | हाई वे ले छोएको जग्गाहरु | १८ क | ३७५०००।- | ३७५०००।- |
| | ६ र ८ | ख | ट्याक सडक पुगेको क्षेत्र | १८ ख | | ४००००।- |
| ११ | ६ र ८ | ग | ट्याक सडक नपुगेको क्षेत्र | १८ ग | २८०००।- | २८०००।- |
| | ६ र ८ | घ | पाखोवारी क्षेत्र | १८ घ | २२०००।- | २२०००।- |
| | खराङ्ग ५,७ र ९ | आवासीय क्षेत्र | | | | |
| | ५,७ र ९ | क | ट्याक सडक पुगेको क्षेत्र | १९ क | | ४००००।- |
| | ५,७ र ९ | ख | ट्याक सडक नपुगेको क्षेत्र | १९ ख | २८०००।- | २८०००।- |
| | ५,७ र ९ | ग | पाखोवारी क्षेत्र | १९ ग | २२०००।- | २२०००।- |

## सम्पत्तिकर निर्धारण प्रयोजनको लागि भौतिक संरचना को मूल्याङ्कन दररेट

| सं.न | भौतिक संरचनाको वर्गिकरण | प्रति वर्ग | संरचना को आयु (वर्ष) | भौतिक संरचनाको आयु र ह्रासकट्टी दर (प्रतिशतमा) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०-५ | ५-१० | १५-२० | २०-२५ | २५-३० | ३०-३५ | ३५-४० | ४०-४५ | ४५-५० | ५०-५५ | ५५-६० | ६०-६५ | ६५-७० |
| १ | पक्का आरसिसि फ्रेम स्टक्चर | १२५० | ६५ | १० | १९ | २७ | ३४ | ४१ | ४७ | ५२ | ५७ | ६१ | ६५ | ६९ | ७२ | ७५ |
| २ | ढुंगा वा ईटाको गारो टायल वा झिगटीको छाना | ९०० | ५० | ११ | २१ | ३० | ३७ | ४४ | ५० | ५६ | ६१ | ६५ | ६९ | | | |
| ३ | पक्कि पर्खाल जस्ताको छाना | ९०० | ५० | ११ | २१ | ३० | ३७ | ४४ | ५० | ५६ | ६१ | ६५ | ६९ | | | |
| ४ | ढुंगामाटो तथा कांचो ईटाले बनेका घर जस्ताको छाना | ८०० | ५० | १२ | २३ | ३२ | ४० | ४७ | ५४ | ५९ | ६४ | ६८ | ७२ | | | |
| ५ | ढुंगामाटो तथा काचो ईटाले बनेका घर खरको छाना | ६०० | ५० | १३ | २४ | ३४ | ४३ | ५० | ५७ | ६२ | ६७ | | | | | |
| ६ | काठको घर जस्ताको छाना | ५०० | ४० | १४ | २६ | ३६ | ४५ | ५३ | ६० | ६५ | ७० | | | | | |
| ७ | काठको घर खरको छाना | ४५० | ३५ | १५ | २८ | ३९ | ४८ | ५६ | ६२ | ६८ | | | | | | |
| ८ | काठको खावा बासको बेरा र चित्र वा खर वा जस्ताको छाना | २०० | २० | ३६ | ४९ | ५९ | | | | | | | | | | |

## एकिकृत सम्पत्ति करको दररेट

| क्र.स | देखि | सम्म | लाग्ने दर व्यवस्था | कर निर्धारण |
|---|---|---|---|---|
| १ | १ | ५०००० | २५-२०० | ५० |
| २ | ५०००१ | १००००० | २५-२०० | ७५ |
| ३ | १००००१ | २५०००० | २५-२०० | १०० |
| ४ | २५०००१ | ४००००० | २५-२०० | १२५ |
| ५ | ४००००१ | ६००००० | २५-२०० | १५० |
| ६ | ६००००१ | ८००००० | २५-२०० | १७५ |
| ७ | ८००००१ | १०००००० | २५-२०० | २०० |
| ८ | १००००००१ | १२००००० | २५-४०० | २५० |
| ९ | १२०००००१ | १५००००० | २५०-४०० | २७५ |
| १० | १५०००००१ | १७५०००० | २५०-४०० | ३०० |
| ११ | १७५००००१ | १९००००० | २५०-४०० | ३५० |
| १२ | १९०००००१ | २०००००० | २५०-४०० | ४०० |
| १३ | २००००००१ | २२५०००० | ५००-१००० | ५०० |

| | | | | |
|---|---|---|---|---|
| १४ | २२५०००१ | २५००००० | ५००-१००० | ६५० |
| १५ | २५०००००१ | २७५०००० | ५००-१००० | ७७५ |
| १६ | २७५०००१ | २९००००० | ५००-१००० | ८७५ |
| १७ | २९०००००१ | ३०००००० | ५००-१००० | १००० |
| १८ | ३००००००१ | ३२५०००० | १२००-३००० | १२०० |
| १९ | ३२५०००१ | ३५००००० | १२००-३००० | १५०० |
| २० | ३५०००००१ | ३७५०००० | १२००-३००० | १७५० |
| २१ | ३७५०००१ | ४०००००० | १२००-३००० | २००० |
| २२ | ४००००००१ | ४२५०००० | १२००-३००० | २२५० |
| २३ | ४२५०००१ | ४७५०००० | १२००-३००० | २५०० |
| २४ | ४७५०००१ | ५०००००० | १२००-३००० | ३००० |
| २५ | ५००००००१ | ६०००००० | ३५००-१०००० | ३५०० |
| २६ | ६००००००१ | ७०००००० | ३५००-१०००० | ४५०० |
| २७ | ७००००००१ | ८०००००० | ३५००-१०००० | ६००० |
| २८ | ८००००००१ | ९०००००० | ३५००-१०००० | ८००० |
| २९ | ९००००००१ | १००००००० | ३५-१०००० | १०००० |
| ३० | १०००००००१ | १२०००००० | १२०००-२०००० | १२००० |
| ३१ | १२००००००१ | १४०००००० | १२०००-२०००० | १४००० |
| ३२ | १४००००००१ | १६०००००० | १२०००-२०००० | १६००० |
| ३३ | १६००००००१ | १८०००००० | १२०००-२०००० | १८००० |
| ३४ | १८००००००१ | २००००००० | १२०००-२०००० | २०००० |
| ३५ | २०००००००१ | २५०००००० | २५०००-६०००० | २५००० |
| ३६ | २५००००००१ | ३००००००० | २५०००-६०००० | ३०००० |
| ३७ | ३०००००००१ | ३५०००००० | २५०००-६०००० | ३५००० |
| ३८ | ३५००००००१ | ४००००००० | २५०००-६०००० | ४०००० |
| ३९ | ४०००००००० | ४५०००००० | २५०००-६०००० | ५०००० |
| ४० | ४५००००००१ | ५००००००० | २५०००-६०००० | ६०००० |
| ४१ | ५०००००००१ | रु २ प्रतिहजार | | रु २ प्रतिहजार |
| | | | | |

## अनुसूची -२ (दफा ४ सँग सम्बन्धित)

## (मालपोत (मालपोत) कर दररेट)

चैनपुर नगरपालिकाले आ.व.२०७९/०८० का लागि तपसिल दररेटहरु अनुसारको भूमिकर (मालपोत ) कर असुल गर्ने छ ।

१ देखी २० रोपनी सम्म

| क्र.स | साल देखि | साल सम्म | दर प्रतिरोपनिमा | कैफियत |
|---|---|---|---|---|
| १ | २०५२ | २०५५ | २ | |
| २ | २०५६ | २०६० | ५ | |
| ३ | २०६१ | २०७० | १० | |
| ४ | २०७१ सालमा | | ४० | |
| ५ | नुनढाकी गा.वि.स २०७१ देखी २०७३ सम्म प्रतिबर्ष | | ४० | |

२१ देखी ४० रोपनी सम्म

| क्र.स | साल देखि | साल सम्म | दर प्रतिरोपनिमा | कैफियत |
|---|---|---|---|---|
| १ | २०५२ | २०७० | ३ | |
| २ | २०७१ सालमा | | ३ | |
| ३ | नुनढाकी गा.वि.स २०७१ देखी २०७३ सम्म प्रतिबर्ष | | ३ | |

४१ देखी माथि जति सुकै रोपनी भए पनि ।

| क्र.स | साल देखि | साल सम्म | दर प्रतिरोपनिमा | कैफियत |
|---|---|---|---|---|
| १ | २०५२ | २०७० | ५ | |
| २ | २०७१ सालमा | | ५ | |
| ३ | नुनढाकी गा.वि.स २०७१ देखी २०३७ सम्म प्रतिबर्ष | | ५ | |

जरिवाना तर्फ

१ बर्ष सम्म नबुझाएमा १० प्रतिशत

२ बर्ष देखि ५ बर्षसम्म नबुझाएमा १५ प्रतिशत सो भन्दा माथि नबुझाएमा २० प्रतिशत लाग्ने छ ।

## अनुसूची -३ (दफा ६ सँग सम्बन्धित)

### (घरबहाल कर)

चैनपुर नगरपालिकाले आ.ब. २०७९/०८० मा नगरपालिकाभित्र घर, पसल, ग्यारेज, गोदाम, टहरा, आरखाना, सटर, जग्गा आदि वहालमा दिएमा सम्वन्धित धनीबाट व्यक्तिगत वहामा भए ५ प्रतिशत र संस्थागत बहालमा १० प्रतिशत का दरले बहाल कर असुल उपर गरिने छ ।

## अनुसूची -४ (दफा ६ सँग सम्बन्धित)

### (व्यवसाय कर)

**चैनपुर नगरपालिकाले आ.ब. २०७९/०८० मा व्यवसाय कर तपशिल वमोजिमका दररेट अनुसार असुली गर्ने छ । २०७९ श्रावण देखि २०७९ असोज मसान्त भित्र व्यवसाय नबिकरण गरेमा २० प्रतिशत छुट हुनेछ । प्रतेक वर्ष व्यवसाय दर्ता नगरेमा २० प्रतिशत दण्ड जरीवाना तथा व्यवसाय दर्ता भइसकेको पुनः पुँजी थप गर्न आबेदन दिएमा थप शुल्क रु २०००। लाग्नेछ ।**

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ५८ बमोजिम करको प्रावधान गरिएको छ ।**

| सि.न. | व्यवसायको विवरण | न्यूनतम कर | अधिकत्तम कर | आ.व २०७५/७६ को दररेटहरु | आ.व.२०७६/७७ को दररेटहरु | आ.व.२०७७/७८को दररेटहरु | **आ.ब.२०७९/०८० को दररेटहरू** |
|---|---|---|---|---|---|---|---|
| १.१ | **मदिरा, सुर्तीजन्य र पेय पदार्थ** | | | | | | |
| क | मदिरा र पेय पदार्थ विक्रेता पसल | ८००।- | १०,०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| ख | खुद्रा विक्रेता | ८००।- | १०,०००।- | १५००।- | १५००।- | १५००।- | १५००।- |
| ग | पान तथा सुर्तिजन्य पसल | ३००। | ५०००। | १०००।- | १०००।- | १०००।- | १०००।- |
| घ | कोक, फेन्टा र अन्य साधारण सामान बेच्ने पसल | ५००।- | ५०००।- | १५००।- | १५००।- | १५००।- | १५००।- |
| ङ | कोक फेन्टाको डिलर | १०००।- | ५०००।- | २५००।- | २५००।- | २५००।- | २५००।- |
| १.२ | **निर्माण सामग्री** | | | | | | |
| क | रड, सिमेनट र अन्य निर्माण सामग्रीको थोक र खुद्रा हार्डवेयर | १०००।- | ५०००।- | ४०००।- | ४०००।- | ४०००।- | ४०००।- |
| ख | निर्माण सामाग्री थोक तथा खुद्रा हार्डवेयर पसल/ स्टोर | २०००।- | ५०००।- | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| ग | रंगरोगनको थोक तथा खुद्रा पसल | ५००।- | ५०००।- | १५००।- | १५००।- | १५००।- | १५००।- |
| घ | कम्प्यूटर र यसका पार्टस् विकी र मर्मत | ५००।- | ५०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| १.३ | **विद्युत सामग्री पसल** | | | | | | |
| क | इलोक्ट्रनिक विद्युत सामग्री थोक तथा खुद्रा विक्रेता | ५००।- | ५०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| ख | टिभि, फ्रिज, राइसकुकर जस्ता विद्युतिय सामानका पसल | ५००।- | ५०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| ग | घडि,रेडीयो, टर्च, क्यालकुलेटर जस्ता सामग्री | | | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ग | रेडियो, फ्रिज, घडी, टिभी, हिटर, टेलिफोन तथा विद्युत सामाग्री मर्मत केन्द्र | १०००।- | ५०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| १.४ | **शो रुम** | | | | | | |
| क | मोटरसाईकल शो रुम विकी तथा मर्मत | ५००।- | ५०००।- | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख | ट्रयाक्टर शो रुम तथा विक्री | ५००।- | ५०००।- | ४०००।- | ४०००।- | ४०००।- | ४०००।- |
| ग | साईकल शोरूम तथा विक्री | | | | | | ३०००। |
| घ | गाडी शोरूम तथा मर्मत विक्रि | | | | | | ४०००। |
| **१.५** | **मर्मत तथा संभार** | | | | | | |
| क | ग्रिल उद्योग | ५००। | ५०००। | | | ३०००। | ३०००। |
| ख | टि.भि.मर्मत गर्ने पसल | ५००।- | ५०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ग | रेडियो ,घडि, मोवाइल मर्मत गर्ने पसल | | | ७००।- | ७००।- | ७००।- | ७००।- |
| घ | मोवाइल विक्री तथा मर्मत गर्ने पसल | ५००। | ५०००। | १२००।- | १२००।- | १२००।- | १२००।- |
| ङ | भाडा विक्री तथा मर्मत गर्ने पसल | ५००। | ५०००। | | १०००। | १०००। | १०००। |
| च | जुत्ता तथा चप्पल मर्मत पसल | ५००। | ५०००। | ७५०।- | ७५०।- | ७५०।- | ७५०।- |
| **१.६** | **पेट्रोलियम पदार्थ** | | | | | | |
| क | डिलरसिप तथा पम्प राखी मट्टितेल, डिजेल, पेट्रोल तथा अन्य ईन्धन बेच्ने पेट्रोल पम्प | ५००।- | ५०००।- | ४०००।- | ४०००।- | ४०००।- | ४०००।- |
| ख | फुटकर इन्धन बेच्ने पसल | ५००।- | २०००।- | १५००।- | १५००।- | १५००।- | १५००।- |
| **१.७** | **खाद्य तथा किराना पसल** | | | | | | |
| क | दैनिक उपभोगका खाद्यान्न थोक तथा खुद्रा पसल | ५००।- | २०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ख | थोक तथा खुद्रा किराना सामानहरु विक्री गर्ने पसल | ५००।- | २०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ग | खुद्रा किराना सामानहरु विक्री गर्ने पसल | ५००।- | २०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| घ | मुख्य बजार क्षेत्र बाहिर वा ग्रामीण क्षेत्रमा राखिएका किराना तथा खाद्यान्न पसल | ५००।- | २०००।- | ६००।- | ६००।- | ६००।- | ६००।- |
| ङ | फलफुल र तरकारीको थोक तथा खुद्रा पसल | ५००।- | २०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| च | थानकपडा,जेन्स कपडा,लेडिज कपडा पसल | १०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| छ | जेन्स कपडा पसल | ५००। | २०००। | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ज | लेडिज कपडा पसल | ५००। | २०००। | १०००।- | १०००।- | १०००।- | १०००।- |
| झ | रेडिमेट कपडा पसल | ५००। | २०००। | | | | २०००। |
| ञ | रेडिमेट उन सेन्टर | ५००। | २०००। | | | | २०००। |
| २ | **विशेष परामर्श तथा व्यवसायिक सम्बन्धि सेवा** | | | | | | |
| क | विशेष परामर्श तथा व्यवसायिक सम्बन्धि सेवा | २०००। | ४०००। | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| ख | चिकित्सक | ५००।- | ४०००।- | १५००।- | १५००।- | १५००।- | १५००।- |
| ग | कविराज | ५००।- | ४०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| घ | इन्जिनियर | ५००।- | ४०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| ङ | कानुन व्यवसायी(नोटरी) | ५००।- | ४०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| च | लेखापरिक्षक (अडिटर) | ५००।- | ४०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| छ | दन्त चिकित्सक | ५००।- | ४०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ज | अनुशन्धान तथा परामर्सदाता | ५००।- | ४०००।- | १५००।- | १५००।- | १५००।- | १५००।- |
| झ | विमा एजेन्ट तथा अभिकर्ता | ५००।- | ४०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ञ | अनुबादक | ५००।- | ४०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ट | पशु चिकित्सक | ५००।- | ४०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ठ | सामान ढुवानीकर्ता तथा कम्पनी | ५००।- | ४०००।- | २५००।- | २५००।- | २५००।- | २५००।- |
| ढ | संस्थागत पेन्टर | ५००।- | १००००।- | ७५००।- | ७५००।- | ७५००।- | ७५००।- |
| ३ | **निर्माण ब्यवसाय** | | | | | | |
| क | नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण ब्यवसाय | १०००।- | १०,०००।- | ५०००।- | ५०००।- | ५०००।- | ५०००।- |
| ख | क. श्रेणी | १०००।- | १०,०००।- | ६५००।- | ६५००।- | ६५००।- | ६५००।- |
| ग | ख. श्रेणी | १०००।- | १०,०००।- | ४०००।- | ४०००।- | ४०००।- | ४०००।- |
| घ | ग. श्रेणी | १०००।- | १०,०००।- | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ङ | घ. श्रेणी | १०००।- | १०,०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| ४ | **उत्पादनमूलक उद्योग** | | | | | | |
| क | ईटा उद्योग एक बम्बलाई | ३०००।- | १०,०००।- | ५०००।- | ५०००।- | ५०००।- | ५०००।- |
| ख | ईटा उद्योग दुई बम्बालाई | ३०००।- | १०,०००।- | ६०००।- | ६०००।- | ६०००।- | ६०००।- |
| ग | टायल उद्योग | ३०००।- | १०,०००।- | ५०००।- | ५०००।- | ५०००।- | ५०००।- |
| घ | प्लाई उद्योग | ३०००।- | १०,०००।- | १०,०००।- | १०,०००।- | १०,०००।- | १०,०००।- |
| ङ | प्लाई कच्चा उद्योग | ३०००। | १००००। | ५०००। | ५०००। | ५०००। | ५०००। |
| ङ | कर्सर उद्योग | ३०००।- | १०,०००।- | १०,०००।- | १०,०००।- | १०,०००।- | १०,०००।- |
| च | कुटानी पिसानी मिल | १५००।- | ३०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| छ | मिल (कुटानी,पिसानी,तेल,चिउरा) | १५००।- | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| ज | कलरल्याव | ३०००।- | ८०००।- | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| ५ | **उर्जामुलक उद्योग** | | | | | | |
| क | सोलारका सामग्री विक्री पसल | १०००।- | ३०००।- | १५००।- | १५००।- | १५००।- | १५००।- |
| ख | सोलारका सामग्री मर्मत गर्ने केन्द्र | १०००।- | ३०००।- | १५००।- | १५००।- | १५००।- | १५००।- |
| ग | उर्जा पैदा गर्ने उद्योग तथा हाइडोपावर दर्ता | १०००।- | १०,०००।- | ७०००।- | ७०००।- | २५०००।- नविकरण १००००। | २५०००। |
| ६ | **कृषि तथा वनजन्य उद्योग** | | | | | | |
| क | कृषि वा बन पैदावारमा आधारित उद्योग व्यवसाय | ५००।- | १०,०००।- | १०,०००।- | १०,०००।- | १०,०००।- | १०,०००।- |
| ख | काठ चिरानी मिल | ५००।- | १०,०००।- | ७५००।- | ७५००।- | ७५००।- | ७५००।- |
| ग | काठबाट निर्मित फर्निचर तयार पारी बेच्ने | ५००।- | १०,०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| घ | बासको फर्नीचर | ५००।- | १०,०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ङ | जडीबुटी तथा लोक्ता प्रशोधन | ५००।- | १०,०००।- | १३००।- | १३००।- | १३००।- | १३००।- |
| च | फलाम तथा स्टिलबाट निर्मित फर्निचर तयार गरि बेच्ने | ५००।- | १०,०००।- | १३००।- | १३००।- | १३००।- | १३००।- |
| छ | पाउरोटी, विस्कुट, आइसक्रिम, मैनबत्ति, पापड, मसला, नुडल्स आदि घरेलु उद्योग | ५००।- | १०,०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ज | | ५००। | १०,०००। | | | | १०००। |
| ७ | **खनिज उद्योग** | | | | | | |
| क | खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यावसाय | ५००।- | १०,०००।- | १०,०००।- | १०,०००।- | १०,०००।- | १०,०००।- |
| ८ | **पर्यटन उद्योग** | | | | | | |
| क | होटल तथा लज (बास) सहितको | ५००।- | ३०,०००।- | ५०००।- | ५०००।- | ५०००।- | ५०००।- |
| ख | खाजा तथा नास्ता मात्र | ५००।- | ३०,०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| ग | ट्राभल एजेन्सि | ५००।- | ३०,०००।- | ७०००।- | ७०००।- | ७०००।- | ७०००।- |
| घ | ट्रेडर्स एण्ड सप्लायर्स डिलर/स्टोर | | | ६०००।- | ६०००।- | ६०००।- | ६०००।- |
| ङ | हवाईसेवा बुकिङ्ग काउण्टर | ५००।- | ५०००।- | २५००।- | २५००।- | २५००।- | २५००।- |
| च | साधारण खाजा चियामात्र विकी गर्ने होटलग्रामिण स्तरका | ५००।- | ३०,०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| छ | सेकुवा कर्नर | ५०००। | ३०,०००। | | | | १०००। |
| ९ | **सेवा उद्योग** | | | | | | |
| क | सिनेमाहल तथा व्यासायिक भिडियो( हाईभिजनहल) | ५००।- | ५०००।- | ४०००।- | ४०००।- | ४०००।- | ४०००।- |
| ख | केवल नेटवर्क | ५००।- | ५०००।- | ५०००।- | ५०००।- | ५०००।- | ५०००।- |
| घ | जिम खाना | ५००।- | ५०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ङ | अपसेट प्रेस (छापाखाना) | ५००।- | ५०००।- | २५००।- | २५००।- | २५००।- | २५००।- |
| च | सार्वजनिक परिवहन | ५००।- | ५०००।- | ४०००।- | ४०००।- | ४०००।- | ४०००।- |
| ज | पुस्तक,स्टेशनरी ,उपहार,खेलकुद र पत्रपत्रिका पसल | ५००।- | ५०००।- | १५००।- | १५००।- | १५००।- | १५००।- |
| झ | फोटो स्टुडियो फोटोग्राफर | ५००।- | ५०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| ञ | सून, चादी खरिद विकि र गहना तयार गरी बेच्ने पसल | ७५०।- | १०,०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ट | एक मात्र बेच्ने पसल | ७००।- | १०,०००।- | १५००।- | १५००।- | १५००।- | १५००।- |
| ठ | चस्मा पसल | ३००। | ३०००। | ५००। | ५००। | ५००। | ५००। |
| ड | रिर्चाज कार्ड डिलर बिक्री पसल | ५००। | ५०००। | | १०००। | १०००। | १०००। |
| ढ | भाडा करुवा बिक्री पसल | ५००। | ५०००। | | १०००। | १०००। | १०००। |
| ण | जुत्ता चप्पल पसल | ५००। | ५०००। | | १०००। | १०००। | १०००। |
| **१०** | **नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायी उद्योग** | ५००।- | १०,०००।- | ५०००।- | ५०००।- | ५०००।- | ५०००।- |
| **११** | **सञ्चार सेवा** | | | | | | |
| क | टेलीफोन, फ्याक्स, साइवर, फोटोकपी | ५००।- | ५०००।- | ७५०।- | ७५०।- | ७५०।- | ७५०।- |
| ख | कुरियर सेवा | ५००।- | ५०००।- | ७५०।- | ७५०।- | ७५०।- | ७५०।- |
| ग | छपाई तथा प्रकाशन पत्रपत्रिका | ५००।- | ५०००।- | २५००।- | २५००।- | २५००।- | २५००।- |
| **१२** | **वित्तिय सेवा** | | | | | | |
| क | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक क वर्गको वाणिज्य बैङ्क | ३०००।- | २०,०००।- | १७,५००।- | १७,५००।- | १७,५००।- | १७,५००।- |
| ख | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक ख र ग वर्गको वित्तिय संस्था | ३०००।- | २०,०००।- | १२,५००।- | १२,५००।- | १२,५००।- | १२,५००।- |
